# पालुङटार नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**पालुङटार, गोरखा, गण्डकी प्रदेश, नेपाल**

## सम्पत्ति तथा लिलाम बिक्री बढाबढको सूचना

**सूचना नं. ०३**

**तेस्रो पटक प्रकाशित मिति : २०८३।०१।२४**

यस पालुङटार नगरपालिका कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीहरूबाट आफ्नो फर्मको नवीकरण भएका प्रमाण पत्र, पान दर्ता तथा आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी सूचना प्रकाशित भएको मितिले ४ दिनभित्र सोझै वार्ताबाट लिलाम बिक्रीका लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशत हुने रकम नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आस्वान गरिएको छ।

१. **लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण**

| सि.नं. | सामानको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | भिडियो क्यामेरा | ३ | सि.नं. १ देखि २९ सम्मका सामानहरूको न्यूनतम मूल्य रु. ८,५४,०९०।- (आठ लाख चौवन्न हजार नव्बे मात्र) |
| २ | डिस होम सेट | ३ | |
| ३ | पानी ट्याङ्की | १ | |
| ४ | ग्यास चुलो | २ | |
| ५ | डेस्कटप कम्प्युटर | ३० | |
| ६ | ल्यापटप | १२ | |
| ७ | प्रिन्टर | ६५ | |
| ८ | फोटोकपी मेसिन | १० | |
| ९ | प्रोजेक्टर | २ | |
| १० | फ्याक्स मेसिन | १ | |
| ११ | मोनिटर | ४ | |
| १२ | सीपीयू | २ | |
| १३ | हिटर | २ | |
| १४ | भ्याकुम क्लिनर | १ | |
| १५ | वाल पङ्खा | ३ | |

| सि.नं. | सामानको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १६ | स्ट्यान्ड पङ्खा | २ | सि.नं. १ देखि २९ सम्मका सामानहरूको न्यूनतम मूल्य रु. ८,५४,०९०।- (आठ लाख चौवन्न हजार नव्बे मात्र) |
| १७ | मोटर पानी तान्ने मेसिन | ४ | |
| १८ | राउटर | २० | |
| १९ | मोबाइल | ७ | |
| २० | घाँस काट्ने मेसिन | १ | |
| २१ | स्टिल दराज | ११ | |
| २२ | कम्प्युटर टेबल | ३ | |
| २३ | डाइनिङ टेबल | २ | |
| २४ | मिटिङ टेबल | ३ | |
| २५ | वेव क्यामरा | १ | |
| २६ | कुर्ची | ५८ | |
| २७ | सोफासेट | २ | |
| २८ | रिभल्बिङ चेयर | २७ | |
| २९ | सिलिङ फ्यान | २ | |
| | **जम्मा** | १८५ | |

२. सूचना प्रकाशन भएको मितिले ४औं दिनसम्म कार्यालय समयभित्र रु. १,०००।- को दस्तुर तिरी यस कार्यालयको राजस्व शाखाबाट फाराम खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको फाराम ४औं दिनको १२ बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका फारामहरू ४औं दिनको १ बजे यस कार्यालयमा दाखिला गर्ने व्यक्ति तथा फर्म/कम्पनीको प्रतिनिधिको रोहबरमा खोलिनेछ दाखिला गर्ने व्यक्ति वा प्रतिनिधि उपस्थित नभएमा फाराम खोल्न बाधा पर्नेछैन।

३. लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि २:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

४. लिलाम सकार गर्न डाँक बोल्नुअघि नै न्यूनतम मूल्य रु. ८,५४,०९०।- को ५% ले हुने रकम नगद धरौटी राख्नुपर्नेछ। धरौटी रकम नगरपालिकाको धरौटी खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानुपर्नेछ।

६. लिलाम साकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको १५ दिनभित्र उठाई लैजानुपर्दछ।

७. लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ।

८. कुनै पनि शर्त राखी पेश गरेको र रीत नपुगेको फाराम माथि कुनै कारवाही गरिनेछैन।

९. यस सूचना र फाराममा उल्लेख भए बाहेक अन्य कुराहरू प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१०. अन्य कुरा कार्यालयको आवश्यकता अनुसार राख्न सकिनेछ।

११. विस्तृत जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा जानकारी लिन सकिनेछ।